# प्रदेश बीउ बिजन ऐन, २०७६

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

# प्रदेश बीउ बिजन ऐन, २०७६

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७६।०२।३१

<u>संशोधन गर्ने ऐन</u>

केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ २०७७।०४।१६

## संवत् २०७६ सालको ऐन नं. ४

## <u>प्रदेश बीउ बिजन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

**<u>प्रस्तावना</u>** : विभिन्न बालीको उत्पादनमा बृद्धि गराउन उच्च गुणस्तरको बीउ बिजन उत्पादन, प्रशोधन तथा परीक्षण गरी नविनतम प्रविधिको प्रयोग गर्दै गुणस्तरयुक्त बीउ बिजन जनतालाई सुलभ रुपले उपलब्ध गराई सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश बीउ बिजन ऐन, २०७६" रहेको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "किसिम" भन्नाले एकै नामद्वारा चिनिएका वा चिनिन सक्ने कुनै वनस्पतिको सबै जात मूल तथा उप-जात मूल सम्झनु पर्छ।

(ख) "कृषि कार्य" भन्नाले बाली उपादन गर्ने कार्य सम्झनु पर्छ।

(ग) "जात (भेराइटी)" भन्नाले वनस्पति शास्त्रीय वर्गीकरणमा सबैभन्दा तल्लो श्रेणीभित्र पर्ने समान आनुवंशिक लक्षणहरु देखिने, अन्य समूहसँग कम्तीमा एउटा लक्षणद्वारा भिन्नता छुट्टिने र पुनरुत्पादन हुँदा लक्षणहरु परिवर्तन नहुने लक्षण भएका कुनै वनस्पतिको समूह सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "प्रजनक (ब्रिडर)" भन्नाले बालीको कुनै जातलाई पहिलो पटक प्रजनन्

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

वा छनौट गरी प्रयोगमा ल्याउने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले ◈बागमती प्रदेश सम्झनु पर्छ।

(छ) "प्रयोगशाला" भन्नाले दफा ९ बमोजिम स्थापना भएको प्रदेश बीउ बिजन परीक्षण प्रयोगशाला सम्झनु पर्छ।

(ज) "बाली" भन्नाले खाद्यान्न, तरकारी फलफूल, दलहन, तेलहन, नगदे बाली तथा घाँसे बाली तथा आलंकारिक (पुष्प, सुगन्धवाल लगायत) जस्ता बाली सम्झनु पर्छ।

(झ) "बीउ बिजन" भन्नाले भ्रूण बिरुवा, खाद्य पदार्थ र सुरक्षात्मक आवरण भएका परिपक्व ओभ्युल वा यौनिक वा वानस्पतिक तरिकाले पुनरुत्पादन गरी बाली उत्पादन गर्नका लागि छर्ने वा रोप्ने काममा प्रयोग गर्न सकिने बीउ बिजन वा बीउ सम्झनु पर्छ।

(ञ) "भाँडो" भन्नाले बाकस, टिनको बट्टा,

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा संशोधित।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

सिसी, थैली, बोरा, भकारी, ब्यारेल वा अन्य यस्तै बीउ बिजन राख्न प्रयोग गरिने भाँडो सम्झनु पर्छ।

(ट) "मन्त्रालय" भन्नाले कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ठ) "सङ्केत पत्र" भन्नाले भाँडोमा देखिने गरी राखिएको वा लेखिएको बीउ बिजन सम्बन्धी विवरण (लेबल) सम्झनु पर्छ।

(ड) "समिति" भन्नाले दफा ३ बमोजिम गठित प्रदेश बीउ बिजन व्यवस्थापन समिति सम्झनु पर्छ।

(ढ) "सूचिकृत बीउ बिजन" भन्नाले दफा ११ बमोजिम तोकिएको बीउ बिजन सम्झनु पर्छ।

## परिच्छेद-२

## संस्थागत व्यवस्था

**३. प्रदेश बीउ बिजन व्यवस्थापन समितिको गठनः** (१) बीउ बिजन सम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्न र बीउ बिजन सम्बन्धी विषयमा प्रदेश सरकारलाई आवश्यक परामर्श दिन एक प्रदेश बीउ बिजन समितिको गठन हुनेछः-

(२) समितिमा देहायका अध्यक्ष तथा सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

रहने छन् :-

(क) सचिव, कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) प्रमुख, कृषि विकास निर्देशनालय -सदस्य

(ग) वरिष्ठ वैज्ञानिक, नेपाल कृषि अनुसन्धान परिषदले ◈बागमती प्रदेशबाट तोकेको -सदस्य

(घ) प्रमुख, राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड -सदस्य

(ङ) मन्त्रालयद्वारा मनोनीत वागवानी, खाद्यान्न, नगदेबाली, घाँसे बाली विज्ञानसँग सम्बन्धित विशेषज्ञ मध्येबाट एक जना -सदस्य

(च) बीज विशेषज्ञ (कम्तीमा सह-प्रध्यापक), कृषि तथा वन विश्वविद्यालय -सदस्य

(छ) ◈बागमती प्रदेशमा रहेको नेपाल वीउ व्यवसायी संघको सिफारिसमा मन्त्रालयले मनोनीत गरेको बीउ बिजन उद्यमीहरु मध्येबाट कम्तीमा एक जना महिला

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा संशोधित।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

सहित दुई जना -सदस्य

(ज) प्रदेशको बीउ उत्पादक संघको सिफारिसमा मन्त्रालयले मनोनीत गरेको कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(झ) प्रमुख, प्रदेश बीउ बिजन गुणस्तर केन्द्र -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ङ), (छ) र (ज) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (ङ), (छ) र (ज) बमोजिम मनोनीत सदस्यलाई निजको पदावधि पूरा नहुँदै प्रदेश सरकारले हटाउन सक्नेछ ।

तर, यसरी हटाउनु अघि त्यस्तो सदस्यलाई सुनवाईको मौका दिनु पर्नेछ।

(५) प्रदेश सरकारले आवश्यक देखेमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

(६) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

४. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको कुल सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेका सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिनेछ।

(५) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) बीउ बिजन सम्बन्धी प्रदेश नीति तर्जुमा गरी कार्यान्वयन गर्न प्रदेश सरकारलाई परामर्श दिने,

(ख) बीउ बिजन, उत्पादन प्रशोधन तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

वितरण कार्यमा स्थानीय तह, निजी, सहकारी तथा सरकारी क्षेत्र बीच समन्वय कायम गर्ने,

(ग) बीउ बिजन उद्योगमा लगानी गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(घ) प्रदेशभित्र उत्पादन वा बाहिरबाट आयात भई बिक्री वितरण हुने बीउ बिजनको गुणस्तर नियमित तथा नियन्त्रण गर्ने,

(ङ) बीउ बिजनको गुणस्तर निर्धारण तथा आवश्यकतानुसार अनुमोदन गर्ने,

(च) माटो र हावापानी सुहाउँदो बीउ उत्पादनको लागि प्राविधिक हस्तान्तरणको व्यवस्था मिलाउने,

(छ) बीउ बिजन भण्डारण सम्बन्धी आवश्यक नीति बनाई कार्यान्वयन गर्ने,

(ज) स्थानीय र रैथाने बालीको बीउ बिजन संरक्षण र उपयोग गर्न प्रोत्साहन गर्ने,

(झ) अन्य आवश्यक काम कारबाही गर्ने।

६. **<u>उप-समितिहरू गठन गर्न सक्नेः</u>** (१) बीउ बिजनका उत्पादन, प्रशोधन तथा बिक्री वितरण गर्ने कार्यलाई सुचारू रूपले सञ्चालन गरी गुणस्तरयुक्त बीउ बिजन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

उपलब्ध गराउने प्रयोजनको लागि समितिले आवश्यकतानुसार विभिन्न उप-समितिहरू गठन गर्न सक्नेछ।

(२) उप-समितिहरूका काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

७. **<u>प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको स्थापनाः</u>** बीउ बिजनका गुणस्तर नियन्त्रण सम्बन्धी कार्य गर्न तथा समितिको सचिवालयको रुपमा काम गर्न प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको स्थापना गर्न सक्नेछ।

८. **<u>प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको काम, कर्तव्य र अधिकारः</u>** (१) प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण तथा प्रमाणीकरण सम्बन्धी आवश्यक पूर्वाधारहरू तयार गरी समितिमा पेश गर्ने,

(ख) समितिद्वारा स्वीकृत तरिका, स्तर तथा मापदण्ड अनुसार बीउ बिजन प्रमाणित गरी आवश्यकता अनुसार प्रमाणपत्र दिने,

(ग) अनुमति पत्र प्राप्त व्यक्ति वा संस्थाले शर्त बमोजिम काम गरे नगरेको अनुगमन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

गर्ने।

(२) प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तथा त्यस्तो केन्द्रले बीउ बिजन गुणस्तर नियन्त्रण तथा प्रमाणीकरण गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

९. <u>**बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापनाः**</u> (१) परीक्षण र त्यस सम्बन्धी अन्य कार्य गर्नको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकतानुसार प्रदेश बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापना गर्न सक्नेछ।

(२) कुनै व्यक्ति वा संस्थाले निजी क्षेत्रमा प्रयोगशाला स्थापना र सञ्चालन गर्न चाहेमा अनुमतिका लागि तोकिए बमोजिमको दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर छलफल गरी उपयुक्त देखेमा तोकिए बमोजिमका शर्तको अधिनमा रही समितिले प्रयोगशाला स्थापना र सञ्चालन गर्न अनुमति-पत्र दिनेछ।

(४) उपदफा (३) बमोजिम स्थापना भएका प्रयोगशालाहरुले प्रत्येक वर्ष प्राविधिक परीक्षण (टेक्निकल अडिट) समितिबाट गराई अनुमति-पत्र नवीकरण गराउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(५) उपदफा (३) बमोजिम स्थापना भएका प्रयोगशालाहरुले उपदफा (४) मा तोकिएको अवधिभित्र अनुमति-पत्र नवीकरण नगराएमा वा प्राविधिक परीक्षणबाट तोकेको मापदण्ड पूरा भएको नपाइएमा त्यस्तो अनुमति-पत्र स्वतः खारेज हुनेछ।

१०. **<u>प्रयोगशालाको काम, कर्तव्य र अधिकार</u>:** प्रयोगशालाको काम, कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -३

## <u>बीउ बिजनको नियम सम्बन्धी व्यवस्था</u>

११. **<u>बीउ बिजनका किसिम वा जात सूचीकृत गर्ने अधिकार:</u>** (१) नेपाल_सरकारले राजपत्रमा सूचना प्रकाशन गरी सूचीकृत बीउ बिजन मध्ये प्रदेश सरकारको क्षेत्र भित्र उपयोगी हुने प्रकृतिका बीउ बिजन प्रदेश सरकारले सूचीकृत गर्न सक्नेछ ।

(२) कृषि कार्यको निमित्त प्रयोग गरिने बीउ बिजनको कुनै किसिम वा जातको गुणस्तर नियमित तथा नियन्त्रण गर्न आवश्यक देखिएमा समितिको परामर्श लिई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो किसिम वा जातको बीउ बिजनहरू सूचितकृत बीउ बिजन भनी तोक्न सक्नेछ र त्यसरी तोक्दा विभिन्न क्षेत्रको लागि उपयुक्त हुने बीउ बिजनको किसिम वा जात समेत तोक्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१२. **<u>अनुमति पत्र लिनु पर्नेः</u>** (१) कुनै व्यक्ति वा संस्थाले बीउ बिजनको बिक्री वितरण सम्बन्धी कारोबार गर्न चाहेमा तोकिए बमोजिमको दस्तुर सहित तोकिएको अधिकारी समक्ष निवेदन दिई तोकिए बमोजिमको ढाँचामा अनुमति पत्र लिनु पर्नेछ।

(२) कसैले उपदफा (१) बमोजिम अनुमति नलिई बीउ बिजन बिक्री वितरण गरेको पाइएमा त्यस्तो बीउ बिजन निरीक्षकले जफत गर्नेछ।

१३. **<u>सूचीकृत नभएका बीउ बिजन बिक्री वितरण गर्न नपाइनेः</u>** (१) कृषि अनुसन्धान प्रयोजनको लागि बाहेक कसैले पनि यस ऐन बमोजिम सूचीतकृत नभएका बीउ बिजन बिक्री वितरण गर्न पाइने छैन।

(२) कसैले उपदफा (१) बमोजिम सूचीकृत नभएका बीउ बिजन बिक्री वितरण गरेमा वा यस ऐनको बर्खिलाप हुने गरी जातीय परीक्षण, गुणस्तर परीक्षण, उत्पादन, प्रशोधन, ओसार-प्रसार र भण्डारण गरिएका बीउ बिजनलाई बीउ बिजन निरीक्षकले जफत गर्नेछ।

१४. **<u>बीउ बिजनको न्यूनतम गुणस्तरको हद तोक्न सक्नेः</u>** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सूचीकृत बीउ बिजनमध्ये समितिको परामर्श लिई कुनै बीउ बिजनको हकमा न्यूनतम गुणस्तरको हद तोक्न सक्नेछ।

१५. **<u>सूचीकृत बीउ बिजनको बिक्री वितरणः</u>** (१) सूचीकृत

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बीउ बिजनको बिक्री वितरण गर्ने व्यक्ति वा संस्था आफूले बिक्री वितरण गर्ने बीउको भाँडोमा देहायको विवरण उल्लेख गर्नु पर्नेछः-

(क) बीउ बिजनको किसिम र जात,

(ख) तोकिएको न्यूनतम गुणस्तरको हद,

(ग) रासायनिक पदार्थ प्रयोग गरी उपचार गरिएको भए सोको विवरण,

(घ) तोकिए बमोजिमका अन्य कुराहरु।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास क्षेत्रको लागि मात्र उपयुक्त हुने भनी प्रजनकले निर्धारण गरेको किसिम र जात सूचीकृत बीउ बिजन त्यसरी निर्धारण गरिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा बिक्री वितरण गर्न वा गराउन पाइने छैन।

१६. **<u>सूचीकृत बीउ बिजन निकासी वा पैठारी सम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेश सरकारले सूचिकृत बीउ बिजन निकासी वा पैठारी गर्ने व्यक्ति वा संस्थालाई आवश्यक सहयोग र समन्वय गर्नेछ।

(२) सूचीकृत बीउ बिजन निकासी सम्बन्धी व्यवस्था प्रचिलत कानून बमोजिम हुनेछ।

१७. **<u>क्षतिपूर्ति दिनु पर्नेः</u>** (१) कुनै व्यक्ति वा संस्थाले बिक्री वितरण गरेको बीउ बिजनको गुणस्तर वा सिफारिस क्षेत्रभन्दा बाहिर बिक्री वितरण गरेको वा गलत सूचनाको कारणले बाली उत्पादकलाई आर्थिक हानि

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

नोक्सानी पुग्न गएमा तोकिएको मूल्याङ्कन समितिले गरेको मूल्याङ्कन र सिफारिसको आधारमा त्यस्तो बीउ बिजनको बिक्री वितरण गर्ने व्यक्ति वा संस्थाले बाली उत्पादकलाई क्षतिपूर्ति दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **<u>बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक सम्बन्धी व्यवस्था</u>:** (१) प्रदेश सरकारले आवश्यकता अनुसार तोकिएका योग्यता पुगेका बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक नियुक्त नभएसम्मको लागि प्रदेश सरकारले सो सम्बन्धमा योग्यता पुगेका कुनै निजामती कर्मचारी बाली, बागवानी, कृषि प्रसार समूहलाई बीउ बिजन निरीक्षक वा बीउ बिजन विश्लेषकको रुपमा काम गर्ने गरी तोक्न सक्नेछ।

(३) उपदफा (१) र (२) मा उल्लिखित अवस्थामा बाहेक कसैले पनि यस ऐन बमोजिम अनुमति पत्र नलिई बीउ बिजन निरीक्षण गर्न, बीउ बिजनको नमूना सङ्कलन गर्न तथा बीउ बिजन विश्लेषण गर्न पाइने छैन।

(४) उपदफा (३) बमोजिमको अनुमति पत्र लिन तोकिए बमोजिमको योग्यता पुगेको व्यक्तिले राष्ट्रिय बीउ बिजन समितिबाट सञ्चालन हुने परीक्षा उतीर्ण गरेको हुनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(५) उपदफा (४) बमोजिमको परीक्षा उत्तीर्ण भएको व्यक्तिले बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक वा बीउ बिजन विश्लेषकको रुपमा व्यवसाय सञ्चालन गर्न अनुमति पत्र प्राप्त गर्न समिति समक्ष तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम निवेदन पर्न आएमा तोकिए बमोजिमको दस्तुर लिई तोकिएको शर्त र ढाँचामा समितिले अनुमतिपत्र दिनेछ । यसरी दिइएको अनुमति पत्र दुई वर्षसम्म बहाल रहनेछ।

(७) उपदफा (६) बमोजिम दिइएको अनुमति पत्र तोकिए बमोजिम नवीकरण गराउनु पर्नेछ।

(८) उपदफा (७) बमाजिम अनुमति पत्र नवीकरण नगराएमा त्यस्तो अनुमति पत्र स्वतः रद्ध हुनेछ।

१९. **<u>बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषकको काम, कर्तव्य र अधिकारः</u>** बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२०. **<u>सेवा शुल्क लिन सक्नेः</u>** (१) प्रदेश सरकारले यस ऐन बमोजिम उपलब्ध गराउने कुनै सेवा बापत प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकको सेवा शुल्क लिन सक्नेछ।

(२) कुनै व्यक्ति वा संस्थाले यस ऐन

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

बमोजिमको कुनै सेवा प्रदान गर्दा समितिबाट स्वीकृत गरे बमोजिमको सेवा शुल्क लिन सक्नेछ।

२१. **<u>प्रदेश सरकारले मान्यता दिने</u>**: प्रदेश सरकारले समितिको परामर्श लिई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी बीउ बिजन परीक्षण वा प्रमाणीकरण गर्ने वा जात परीक्षण गर्ने कुनै संस्थालाई यस ऐनको प्रयोजनका लागि मान्यता प्रदान गर्न सक्नेछ।

२२. **<u>स्वामित्व कायम रहने</u>**: नेपालमा परम्परादेखि नै प्रयोग गर्दिै आएको स्थानीय जातको बीउ बिजनमा तोकिए बमोजिम स्वामित्व कायम रहनेछ।

## परिच्छेद-४

## <u>दण्ड, सजाय तथा मुद्दा सम्बन्धी व्यवस्था</u>

२३. **<u>दण्ड सजाय</u>**: (१) कसैले दफा ९ बमोजिम अनुमति पत्र नलिई प्रयोगशाला सञ्चालन गरेमा पचास हजार देखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

(२) कसैले दफा १२ र १३ विपरीत बीउ बिजन बिक्री, वितरण गरे वा गराएमा दश हजार रुपैयाँ देखि बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(३) कसैले दफा १५ बमोजिमको विवरण नखुलाई बीउ विक्री वितरण गरे वा गराएमा दश हजार रुपैयाँ देखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(४) दफा २३ को उपदफा (१), (२) र (३) मा लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बनेको नियम विपरीत कुनै काम गर्ने गराउने व्यक्ति वा संस्थालाई दश हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

२४. <u>**सरकार वादी हुने**</u>: यस ऐन अन्तर्गतको मुद्दा सरकार वादी हुनेछ।

२५. <u>**मुद्दाको तहकिकात र दायरी**</u>: (१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात बीउ बिजन निरीक्षकले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा बीउ बिजन निरीक्षकले सरकारी वकिलको राय लिनु पर्नेछ।

२६. <u>**मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार**</u>: (१) यो ऐन अन्तर्गतको शुरु मुद्दा हेर्ने अधिकार तोकिए बमोजिमको अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम मुद्दाको कारबाही र किनारा गर्दा तोकिएको अधिकारीले प्रचलित कानून बमोजिमको कार्यविधि अपनाउनेछ।

२७. <u>**पुनरावेदन**</u>: दफा २६ बमोजिम तोकिएको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भएको मितिले पैतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

२८. **<u>प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने</u>:** यस ऐन बमोजिम कसूर हुने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसूर हुने रहेछ भने सो कानून बमोजिम मुद्दा चलाई सजाय गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन।

२९. **<u>नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकार</u>:** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

(२) यो ऐन तथा यस ऐन बमोजिम बनेको नियमावलीको अधिनमा रही मन्त्रालयले आवश्यक निर्देशिका र कार्यविधि बनाई लागू सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश